# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## पोखरिया नगरपालिका
## पर्सा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५२४

मितिः २०७९।३।२७

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्षज्यू,
पोखरिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
पर्सा।

**कैफियत सहितको राय**

हामीले पोखरिया नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पोखरिया नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।

२. लेखापरीक्षणबाट रू. ६ करोड ९५ लाख २७ हजार बेरुजू देखिएकोमा प्रतिकृया, प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ७० लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ७८ लाख ३५ हजार, नियमित गर्नुपर्ने रू. ८८ लाख १५ हजार र पेश्की रू. ५८ लाख ११ हजार रहेको छ । नगरपालिकाको गतवर्ष रू. २४ करोड ८६ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. ३१ करोड ७८ लाख ९८ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
नायब महालेखापरीक्षक

## पोखरिया नगरपालिका, पर्सा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ३१५ | ६९५२७ | ० | ० | ० | ७० | ३१५ | ६९५२७ | ७०६६ | ८८१५ | ४७८३५ | ० | ० | ५६६५० | ५८११ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | २४८६१९ | ० | २४८ | २४८३७१ | ० | ६९५२७ | ३१७८९८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पोखरिया नगरपालिका, पर्सा , धनुषा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अशोक कोइराला | २०७८-२-२९ | २०७८-३-३१ |
| कार्यालय प्रमुख | अमित कुमार गिरी | २०७७-४-१ | २०७८-२-२८ |
| लेखा प्रमुख | श्यामनारायन भगत माली | २०७७-४-१ | २०७८-३-३१ |
| | | **बेरुजु रकम** | ६९,५२७,११२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १२,५८,६८,८४४.८३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,२८,०५,००० | **चालु खर्च** | ४१,०३,७५,६८४.३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०१,०८,००० | **पूँजीगत खर्च** | १२,०३,०५,०९४ |
| **राजश्व बाँडफाँट** | ६,६२,०३,१५२.४८ | **वित्तीय/अन्य व्यवस्था** | ६,४९,३०,४९६.२९ |
| **आन्तरिक आय** | १,१८,४०,६८४.३५ | | |
| **अन्य आय** | ११,१८,५४,६१९.२३ | | |
| **कुल आय** | ५६,२८,११,४५६.०६ | **कुल खर्च** | ५९,५६,११,२७४.५९ |
| **बाँकी मौज्दात** | | ९,३०,६९,०२६.३ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | . <br>उल्लेखित कारोबारको लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग गरी तयार गरिएको समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्राप्त,आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एवम् अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणसमेतलाई आधार मानी सम्पन्न गरिएकोछ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्डतथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमासमावेस जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनिय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका उल्लेखित व्यहोरा निम्नअनुसार छन् : | |
| २ | | | **परिचय:**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगर पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पोखरियनगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, 53 सभा सदस्य, 32.2वर्ग किलोमिटर क्षेत्रफल तथा लगभग ३२८८५ जनसंख्या रहेको छ । | |
| ३ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| विवरण | रकम | जम्मा | विवरण | रकम | जम्मा |
|---|---|---|---|---|---|
| अल्या | | 125868844.8 | चालु खर्च | | 323434827.1 |
| आन्तरिक आय | | 11840736.35 | समानिकरण अनुदान संघ | 5111364 | 0 |
| आन्तरिक राजस्व | 3489276 | 0 | ससर्त अनुदान संघ | 185295195.5 | 0 |
| राजस्व वाँडफाँड मालपोत | 8351408.35 | 0 | राजस्व वाँडफाँड संघ | 24218743 | 0 |
| बाँडफाड सघ | 62717725.5 | 66203152.48 | राजस्व वाँडफाँड प्रदेश चालु | 2761925 | 0 |
| बाँडफाड प्रदेश | 3485427 | 0 | आन्तरिक आय चालु | 105309726.8 | 0 |
| सघीय सरकार तर्फ | | 352805810 | समानिकरण अनुदान प्रदेश | 40303 | 0 |
| वितिय समानिकरण | 114900000 | 0 | विविध युनिसेफ | 697300 | 0 |
| ससर्त अनुदान सघ | 229105810 | 0 | अन्तर सरकारी चालु | | 86940857 |
| विशेष अनुदान सघ | 0 | 0 | अस्पताल प्रदेश चालु | 11996274 | 0 |
| समपुरक अनुदान सघ | 8800000 | 0 | गरिवसँग विश्वेक्कवर कार्यक्रम | 545880 | 0 |
| प्रदेश सरकार तर्फ | | 20108000 | सामाजिक सुरक्षा | 74398703 | 0 |
| वितिय समानिकरण | 7108000 | 0 | पुँजिगत खर्च | | 102064712 |
| ससर्त अनुदान | 8000000 | 0 | राजस्व वाँडफाँड | 18637468 | 0 |
| विशेष अनुदान | 3000000 | 0 | समानिकरण अनुदान संघ | 53807729 | 0 |
| समपुरक अनुदान | 2000000 | 0 | ससर्त अनुदान संघ | 2101055 | 0 |
| | | 0 | आन्तरिक पुँजिगत | 27518460 | 0 |
| | | 0 | प्रदेश तर्फ | | 9357149 |
| | | 0 | समानिकरण प्रदेश | 3940966 | 0 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | 0 | ससर्त अनुदान प्रदेश | 5416183 | 0 |
| अन्तर सरकारी तर्फ | | 103571222.1 | विशेष प्रदेश | 0 | 0 |
| अस्पताल प्रदेश चालु | 11996274 | 0 | समपुरक प्रदेश | 0 | 0 |
| अस्पताल प्रदेश पुँजिगत | 4091205 | 0 | अन्तर सरकारी | | 8883233 |
| सामाजिक सुरक्षा | 74398703 | 0 | अस्पताल प्रदेश पुँजिगत | 4091205 | 0 |
| स्थानिय पुर्वाधार | 4792028 | 0 | स्थानिय पुर्वाधार | 4792028 | 0 |
| गरिवसँग विश्वेश्वर कार्यक्रम | 545880 | 0 | कोलेनिका फिर्ता ७७।७८ | | 57420510.74 |
| युनिसेफ | 697300 | 0 | धरौटी खर्च | | 7509985.82 |
| धरौटी आय | 7049832.14 | 0 | | | 0 |
| अय विविध आय | | 8282535.09 | बैंक मौज्दात | | 93069026.25 |
| चेक साट्न बाँकी | 3232309.25 | 0 | सचित कोष | 59993105.13 | 0 |
| कर दाखिला गर्न वाँकी | 113851 | 0 | चालु जोर वर्ष | 5361941.71 | 0 |
| भ्याट दाखिला गर्न वाँकी | 327223 | 0 | पुँजिगत जोर वष | 16441800.48 | 0 |
| धरौटी खातामा आम्दानी बाँध्न छटेको | 2763123.84 | 0 | आन्तरिक राजस्व | 338994.6 | 0 |
| कोलेनिका फिर्ता गर्न वाँकी | 672866 | 0 | विविध खर्च खाता | 360902.5 | 0 |
| पुँजिगत खातावाट चेक जारी | 0 | 0 | प्रकोप | 37000 | 0 |
| धरौटी खातामा आम्दानी नजनाएको | 890758 | 0 | वाँडफाँड | 3435056.73 | 0 |
| धरौटी दाखिला वाँकी | 282404 | 0 | धरौटी | 7100225.1 | 0 |
| जम्मा | | 688680300.9 | | | 688680300.9 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण :** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानिय सरकार संचालन एन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकवाट स्रवीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।०२।१९ मा महालेखा परीक्षकवाट स्वीकृत भएको NEPSAS Based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तिय विवरण सम्वन्धमा निम्नानुसार देखिएको छ : | |
| ४.१ | | | क. मलेप फारमको प्रयोगः महालेखा नियन्त्रकको कार्यालयको च.न. १ मिति ०७६।०४।०१ को परिपत्र अनुसार महालेखा परिक्षकवाट ०७६।०२।१९ मा स्वीकृत मलेप फारमहरू तीन तहका सवै सरकारी कार्यालयले प्रयोग गर्नु पर्ने गरी परिपत्र भएको छ । यस पालिकाले उक्त परिपत्र पुर्ण रूपमा पालना नगरेको अवस्था देखियो । जस्को अभावमा आर्थिक कारोवार पुर्ण रुपमा पारदर्शी र यथार्थ रहेकोमा एकिन हुन सक्ने अवस्था रहेन । उदाहरणका लागि ठेक्काको लागत कितावमा मलेपफान ५०७ को अभिलेख पुर्ण रुपमा नराख्दा ठेक्काको अवस्था र यथार्थता विश्लेषण हुनु सकेको छेन । त्यसै गरि राजस्व तर्फ दैनिक राजस्व आम्दानी खाता (१०२ ) आम्दानीको शिर्षकगत खाता -१०४ राजस्वको दैनिक गोश्वरा खाता (१०७) र करदाता लगत लगायतका फारमहरु प्रयोग गरी अध्यावधिक गरेको पाइएन । अत उल्लेखित परिपत्र अनुसार फारम प्रयोग गरी आर्थिक कारोवार यथार्थ र पारदर्श बनाउनु पर्दछ ।<br>ख. म. ले. प.फा.नं. २७२ को अनूसूची २० र २५ मा आवश्यक व्यहोराहरू खुलासा नगरेकोले यस्ता व्यहोरा तथा विवरण पूर्ण रूपमा उल्लेख गर्नु पर्छ। | |
| ४.२ | | | साटन बाँकी चेकः कार्यालयले सुत्र अनुसार तयार गरेको २० नं. रिपोर्ट अनुसार मान्य अवधिमा नसाटीएकोमा चेकको रकम ६ लाख ४२ हजार नदेखिएको र पेश गरेको एकिकृत आर्थिक विवरणमा रू ३२ लाख ३२ हजार देखाएको छ। सो सगँ सम्बन्धित विस्तृत विवरण सहितको साटन वाकी चेकको विवरण लेखापरीक्षणमा पेश नभएकोले एकिन विवरण हुनु पर्ने रू. | ३,२३२,३०९.२५ |
| ४.३ | | | पोखरिया अस्पताल तर्फको आय व्यय हिसाव कार्यालयले म. ले. प.फा.नं. २७२ तथा उपलब्ध गराएको एकिकृत आर्थिक विवरणमा समावेस नगरेको कारण पेश भएको वित्तिय विवरणले वास्तविक आर्थिक कारोवार प्रस्तुत गरेको छैन। अस्पतालबाट प्राप्त एकिकृत आय-व्यय विवरण अनुसार गतबर्षको जिम्मेवारी ४८५७५२५। ३९ र यो बर्षको आम्दानी २९०१२१९१ समेत जम्मा आय रू ३३८६९७१७।३९ रहेको छ। जस्मा यो बर्ष खर्च रू ३००७८४४३।२७ घटाउँदा ३७९१२७४।१२ मौज्दात रहेकोमा यो कारोवार एकिकृत वित्तीय विवरण समावेश नभएकोले उक्त कारोवार समेत समावेस गरि प्रतिवेदन तयार हुनु पर्छ। | |
| ४.४ | | | म. ले. प.फा.नं. २७२ को अनूसूचि १० अनुसार गत बर्षबाट सरेको जिम्मेवारी १२५८६८८४४।८३ हुनु पर्नेमा रू १२०६७५६५३ समावेस गरेकोले रू ५१९३१९१।८३ घटि जिम्मेवारी सारेको देखिन्छ। यसमा कार्यालयले प्रमाण सहित स्पस्ट पार्नु पर्ने देखिन्छ। | |
| ४.५ | | | पोखरिया अस्पताल तर्फ संघिय सरकार बाट निकासा भएको तलब भत्ता रकम खर्च नभई बाँकी रहेको रू १८४८४।३९ र प्रदेश सरकारबाट प्राप्त रू ५ लाख समेतको रू २५०१५४८।२५ सम्बन्धित सञ्चितकोषमा फिर्ता हुनु पर्ने पर्नेमा हाल सम्म फिर्ता नगरेकोले उक्त रकम सम्बन्धित कोषमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रू. | २,५२०,०३३ |
| ५ | | | . | |
| ५.१ | | | धरौटी तर्फ २७२ को अनूसूचि १५ ले सुरू मौज्दात ५२६०६९२।९६ र रिपोर्ट १२ ले ४७ लाख ९७ हजार फरक रकम देखाएकोले यसमा प्रमाण सहित स्पस्ट | |

गरिनु पर्दछ।

५.२ त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

६ **बैक हिसाब मिलान नगरेको –**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन हिसाव पेश गर्नु पर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | स्थानीय सञ्चित कोष खाता | ३१९२५४७४.०३ | ५९९९३१०५.१३ | २८०६७६३१.१ |
| २ | धरौटी खाता | ४३१५८६४.२६ | ६१०४३७६.१ | १७८८५११.८ |
| ३ | आन्त्रिक राजश्व खाता | ११६४४६८४.९५ | ३३८९९४.६ | ११३०५६९०.४० |
| ४ | चालु खाता | ४९३३६४४.११ | ९७४३१४४८.५१ | ९२४९७८०४.४० |
| ५ | पुँजीगत खाता | २८१४४४५७.४८ | ५०३९६९६७.४८ | २२२५२५१० |
| ६ | बिबिध खाता | ० | ३६०९०२.५ | ३६०९०२.५० |
| | जम्मा | ८०९६४१२४.८३ | २१४६२५७९४.३२ | १३३६६१६७० |

७ **आन्तरिक नियन्त्रण प्रणाली**

७.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

७.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

७.३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| ७.४ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । | | |
| ७.५ | | | बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखी ८०६ को व्यवस्था गरिएको छ । तर पालिकाले बेरुजु लगत अध्यावधिक गरेको देखिएन । | | |
| ७.६ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, १४ नियमावली नर्म्स समेत २७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसुची ११ वमोजिम ढाँचामा तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फवाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>• स्थानीय तहहरूले अनुदानबाट सञ्चालन गर्ने चालु तथा पूजीगत प्रकृतिका कार्यक्रकमहरूमा गर्ने खर्चमा पारदर्शिता हुनु पर्छ। यस स्थानीय तहबाट सन्चालन भएका ग्यास चुलो वितरण, हैन्ड पम्प, सौर्य सिचाई प्रणाली तथा विभिन्न सडक ढलान लगायतका कार्यमा कुन निकायबाट कहिले कति खर्चमा उक्त सेवा दिएको भन्ने विवरण सहितको स्टीकर तथा होडिङ्ग बोर्ड स्थलगत निरीक्षण क्रममा कतै देखिएन। यसले गर्दा उक्त सेवा यसै आ.व. खर्चमा समावेस छ भन्ने सम्बन्धमा एकिन हुन सकिएन। स्पस्ट सुचना प्राप्त हुने सांकेतिक पहिचानको व्यवस्था सहित खर्च देखिनु पर्छ। | |
| ८ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | | |
| ८.१ | | | नीति तथा कार्यक्रमकको कार्यान्वियन स्थिति : पोखरिया नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को क्षेत्रगत नीति तथा कार्यक्रमको कार्यान्वियन अवस्था निम्नानुसार रहेको पाईयो । उल्लेखित बिबरण अनुसार कुल ४८ नीति तथा कार्यक्रम रहेकोमा ६(१३ प्रतिशत) वटा कार्यक्रम पूर्ण रुपमा कार्यान्वियन भएको , ३२ (६७ प्रतिशत) वटा कार्यक्रम आंशिक रुपमा कार्यान्वियन भएको र १०(२० प्रतिशत) वटा कार्यक्रममा शुन्य स्थिति रहेको पाईयो । ।यसले कार्यान्वियन पक्ष तथा नीति निर्धारण पक्षमा सन्तुलन देखिएन। क्षेत्रगत नीति तथा कार्यक्रमकको घोषणाको कार्यन्वयन कमजोर रहेको पाईयो । यसमा सभा तथा कार्यपालिकाका सदस्य र बिभिन्न समिति र कर्मचारी वाट सुधारको अविलम्व पहल गरि वास्तविक क्षेत्रगत नीति तथा कार्यक्रम तय हुनु पर्दछ । | | |

| क्र. स | क्षेत्र | जम्मा नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | शुन्य |
| १ | पूर्वाधार विकास | ११ | | ८ | ३ |
| २ | आर्थिक विकास | ९ | ० | ५ | ४ |
| ३ | सामाजिक विकास | २५ | ५ | १७ | ३ |
| ४ | संस्थागत विकास र सेवा प्रवाह र सुशासन | ३ | १ | २ | ० |
| | जम्मा | ४८ | ६ | ३२ | १० |

८.२ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखद्वारा २०७७।०३।१० गते रु ६२ करोड ५८ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०६।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०६।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने व्यवस्थालाई निरन्तरता दिनुपर्दछ ।

८.३ योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत सञ्चालन भएका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ५६ | २९६९३६३.०२ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २३४ | ५५२२०६६७.९ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १५५ | ९८२२६१५३.३८ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २९ | ४८२५८०९९ |
| ५ | ५० लाख भन्दा माथीका | २ | २२५६३९२१ |
| | जम्मा | ४७६ | २२७२३८२०४.३ |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **सेवा प्रवाह व्यवस्थापन** | |
| ९.१ | | | **१. वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ५ | ५ |

२. सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>३८</td></tr>
<tr><td>पञ्जिकरण तर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>७०१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१२१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१९७</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>प'र्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>० मि.</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>0</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>४ कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>११ कि.मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।
</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानून निर्माण र कार्यान्वयन</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

१०.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म १३ वटा ऐन र नियमावली, कार्यविधि लगायत १४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । आर्थिक सहयोग , सार्वजनिक खरिद , बेरुजु फछ्यौट कार्यवधी लगायतका नियम निर्देशिका तथा कार्यविधी हालसम्म नवनेकाले सो लगायतका बाँकी कानुन निर्माण गरी लागु गर्नु पर्दछ ।

१०.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो बर्ष थप भएको ४३ गरी कूल ५१ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फछ्र्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

११ **खर्च विश्लेषण**

११.१ चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | गा पा पुजिगत | १११४२२१६१ | ६७९२५५५ | ३३५०१९५४ | ७११२७६५२ | ४०६४१६०४ |
| | खर्च प्रतिशत | ४७.४९% | ६.१०% | ३०.०६% | ६३.८३% | ३६.४७% |

११.२ क्षेत्रगत बजेट र खर्च - स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २२९५२७४० | ८८१६२४० | २ |
| सामाजिक क्षेत्र | २५२४००३२४.३५ | २१०३७४४८०.३८ | ४८ |
| पूर्वाधार विकास क्षेत्र | २११२८२६७७ | १०१५९८६१२ | २३ |
| वातावरण तथा विपद् व्यवस्थापन | १७०५०००० | १५५९४७७६ | ५ |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| वित्तीय व्यवस्थापन र सुशासन | ० | ० | ० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२२१२७८२४ | ९७७७५५७९.९ | २२ |
| जम्मा | ६२५८१३५६५.३५ | ४३४१५९६८८.२८ | ४८ |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ४८ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकासमा २ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः

१२.१ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

१२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीती, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्माण कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । यस सम्वन्धमा पालिकाले कुनै अध्यावधिक अभिलेख नराखेको हुदा कुनै व्यहोरा उल्लेख गर्न सकिएन ।

१३ **संगठन तथा कर्मचारी व्यवस्थापन**

| | | | | |
|---|---|---|---|---|
| १३.१ | | | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । जस अनुसार पालिकाले नगरपालिकाको सगठानिक सरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याएता पनि कार्यवोझको विश्लेषण गरी कर्मचारी व्यवस्थापन गरेको छैन । पालिकाले स्वीकृत सरचना अन्तर्गत विभिन्न कार्यक्षेत्रका पदमा २३९ दरवन्दी स्वीकृत गरी १६७ जना कर्मचारीहरु करारमा राखी रु.१८२५२९९५ खर्च लेखेको छ । यसमा के कुन पदमा स्थाइ र करार सेवा तथा कुन श्रोतवाट खर्च व्यहोर्ने स्पष्ट नगरेकाले स्पष्ट कार्यविधी निर्माण गरि पदपुर्ती गरिनु पर्दछ । | |
| १३.२ | | | कल्याण कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याणकारी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेतापनी सो खडा गरेको छैन । पालिकाले कानूनको व्यवस्था गरी कल्याण कोष स्थापना गर्नुपर्दछ । | |
| १३.३ | | | आन्तरिक लेखापरीक्षण - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १३.४ | | | निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । | |
| १३.५ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.८२९०४०९७.३६ खर्च लेखेको पाईयो । | |
| १४ | | | **दिवा खाजा** | |
| १४.१ | | | दिवा खाजाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना अनुसूची ४ मा राखिएको छ सोही अनुसार कार्यान्वयन गर्ने र व्यवस्थापकीय पक्षहरूमा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ समेतका अधारमा लिई स्थानिय तहले दिवा खाजाको अनुदान दिएकोमा मापदण्ड र गुणस्तर सुनिश्चित गरेको देखिएन।कार्यालयले दिवा खाजाको अनुगमन गरी गुणस्तर र मापदण्ड समेत सुनिश्चत गर्नु पर्ने पर्छ। | |
| १४.२ | | | तलबी प्रतिवदेदनःकार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सो प्रतिवेदन आधारमा अनुदान दिने व्यवस्था रहेको छ। कार्यलयले यस आ.व. मा १६ वटा विद्यालयका शिक्षकहरूलाई तलब भुक्तानी दिदा तलबी प्रतिवेदन पारित नगराई भुक्तानी गरेको देखिन्छ। कार्यालयले तलबी प्रतिवेदनको आधारमा मात्र अनुदान दिनु पर्छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १५ | | | **कानुन कार्यान्वयन** | |
| १५.१ | | | लेखापरीक्षण प्रतिवेदन उपर छलफलः लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| १५.२ | | | खर्च सार्वजनिकीकरण - सार्चजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्योहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिमार्फत काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्णरुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ । | |
| १५.३ | | | आयोजनाहरूको फरफारक : स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमखु प्रसासकीय अधिकृतको व्यवस्था गरेको र निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमीकमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन ।अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | |
| १६ | | | **• अनुत्पादक तथा बितरणमूखी खर्च** | |
| १६.१ | | | खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १५ लाख खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६.२ | | | आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले बिरामी,अपांग प्रयोजनको लागि यो वर्ष पटक पटक विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.५०००00 आर्थिक सहायता | |

वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१६.३ मन्दिर निर्माण तथा मर्मतः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न १३ वटा मन्दिर तथा मस्जिदहरु निर्माण तथा मर्मतमा रू. ४० लाख ७३ हजार विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ४ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।

१६.४ अन्य कार्यालयको खर्चः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति | गाडि मर्मत | २१२९४० |
| २ | सशस्त्र प्रहरी गण | सोफा सेट खरिद | ३९५५० |
| | | जम्मा | २५२४९० |

१६.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन ।

१७ **मालसामान तथा उपकरण खरिद**

मालसमान तथा उपकरण खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा कागजातमा मालसामानको प्राविधिक स्पेशीफिकेसन उल्लेख गर्नु पर्ने स्पेशिफिकेशनमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

१८ **अनुदान फिर्ता –**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा बाँकी रकम आ व ०७८।७९ फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २२९१०५८१० | १८५२९५१९५.५३ | ४३८१०६१४.४७ | ० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ८८००००० | २१०१०५५ | ६६९८९४५ | ० |
| | अन्य | ० | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ८०००००० | ५४१६१८३ | २५८३८१७ | ० |
| | विषेश | ३०००००० | ० | ३०००००० | ० |
| | समपुरक | २०००००० | ० | २०००००० | ० |
| | अन्य | ० | ० | ० | ० |
| | जम्मा | २५०९०५८१० | १९२८१२४३३.५३ | ५८०९३३७६.४७ | ० |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **शिक्षा** | |
| १९.१ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिने व्यवस्था रहेको छ। कार्यलयले यस आ.व. मा २४ वटा विद्यायहरूलाई शिक्षकको तलब भुक्तानी दिदा तलबी प्रतिवेदन पारित नगराई भुक्तानी गरेको देखिन्छ। कार्यालयले तलबी प्रतिवेदनको आधारमा मात्र अनुदान दिनु पर्दछ। | |
| १९.२ | २२३ | २०७८-३-२५ | **बिद्यालय भौतिक पूर्वाधार विकासः** संघीय सरकारबाट सामुदायिक विद्यालयहरूको शैक्षिक संस्था सुधार कार्यक्रम अन्तर्गत प्राप्त भएको शर्सत अनुदानबाट निम्न विद्यालयलाई अनुदान दिदा कार्य सम्पन्न गरी कार्यासम्न प्रतिवेदन पेश नभएको देखियो। अतः निर्माण सम्पन गरी कार्यसम्पन्न प्रतिवेदन सहित विल भरपाई पेश हुनु पर्ने रू | १४,२६९,३७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री शशिधर ने.रा.प्रा. वि.बनकटवा १ | १४०००० |
| २ | श्र ने.रा.आ.वि.सतवरिया वडा ४ | २७६९३७६ |
| ३ | श्री ने.रा.प्रा.वि.लमरिया वडा २ | १५००००० |
| ४ | श्री राधाकृष्ण प्रा.वि. वडा नं. ५ | ११००००० |
| ५ | श्री ने.रा.प्रा.वि. जगतपुर वडा ८ | १४००००० |
| ६ | श्री ने.रा.प्रा.वि. शिवर्वा पटवारी टोल ९ | ११००००० |
| ७ | श्री ने.रा.प्रा.वि. श्रीसिया वडा ६ | १४००००० |
| ८ | श्री ने.रा.प्रा.वि. बसन्तपुर वडा ३ | ५००००० |
| ९ | श्री ने.रा.प्रा.वि. फुलबरिया वडा ३ | ५००००० |
| १० | श्री जय हनुमान प्रा.वि. रानिगजग वडा ७ | ८००००० |
| ११ | श्री ने.रा.आ.वि. श्रिसिया ६ | ८००००० |
| १२ | श्री ने.रा.प्रा.वि.बैरिया बिर्ता | ५००००० |
| १३ | श्री ने.रा.प्रा.वि.गोविन्दपुर | ५००००० |
| जम्मा | | १४२६९३७६ |

| | | | | |
|---|---|---|---|---|
| १९.३ | | | **निजी विद्यालय व्यवस्थापनः** निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण तयार गरी मापदण्ड अनुरूप अनुगमन, शुल्क निर्धारण तोकिए बमोजिम गरेको पाइएन। कार्यालयले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड कार्याविधी त्यार गरी लागु गर्नु पर्छ। | |
| १९.४ | | | **बिद्यालयको अनुगमनः** विद्यालयलाई दिएको अनुदानलाई व्यवस्थित र प्रतिफल मुखी बनाउनको लागि गाउँपालिकाले विद्यालय अनुगमन मापदण्ड बनाई लागु गर्नु पर्नेमा मापदण्ड बनाएको पाइएन। गाउपालिकाले अनुगमन मापदण्ड बनाई विद्यालयलाई दिएको अनुदानको अनुगमन गरी प्रतिवेदन समेत गर्नु पर्छ। | |
| २० | | | **नगरपालिका पुँजिगत तर्फ** | |

| | | | | |
|---|---|---|---|---|
| | | | १. ठेक्का नं Mun।pokh।PAR।NCB०७५।७६ - १ शिव मन्दिर निर्माणका निर्माण व्यवसायी बनशक्ति । सजन। अर्चना जे.भी (६१२१७८१२४): | |
| २०.१ | | | कार्यसम्पादन जमानतरू. १९,२४,७७४। रहेकोमा सो को म्याद भएको बैक ग्यारेन्टी तथा कार्यविधिको विमा भएको प्रमाण पेश नभएको रु | १,९२४,७७४ |
| २०.२ | | | GCC को ३४.३ अनुसार प्रत्येक ९० दिनमा Program up date नगरेमा रू. ५०००००।०० रोक्का राख्ने व्यवस्था भएता पनि सो अनुसार नहुँदा समेत दोश्रो रनिङ विल सम्म कार्यान्वयन नगरेको रू. | ५००,००० |
| २०.३ | | | निर्माण व्यवसायीको सम्झौता रकम रू १,९२,४७,७४९.९१ रहेकोमा लाग्ने कोष कट्टी नभएको रू. | १९,२४७ |
| २०.४ | 61 | २०७७-९-२९ | निर्माण व्यवसायीको IPC-२ को भुक्तानी गर्दा रू. २७,६४,२०८।०२ भुक्तानी खर्च लेख्नु पर्ने मा कार्यालयले प्रथम IPC को रू. २८,३४,२८०.३० समेत गरी गत वर्ष नै भएको भुक्तानीलाइ पुन थप गरी भुक्तानी खर्च लेखेकाले उक्त रकम असुल गरी बेरूजु दाखिला गर्ने रू. | २,८३४,२८१ |
| २०.५ | | | २०७७।०६।२६ को चौथो नगर सभाको निर्णय न. १७ (अ) अनुसार सम्पन्न नभएमा सम्पुर्ण ठेक्काको म्याद २०७८ अषाढ मसान्त सम्म थप गरेको भएता पनि तत्पश्चातको म्याद थप नभएको र कार्य सम्पन्न नभएकाले समयमै कार्य सम्पन्न गर्नु गराउनु पर्दछ । | |
| २१ | | | **ठेक्का नं Pok.5A.01.077.78 पोखरिया नपा को कार्यालय भवन निर्माण (निर्माण व्यवसायी वनदेवी निर्माण सेवा):** | |
| २१.१ | 95 | २०७७-११-५ | SCC-57 को ठेक्का सम्झौताको दफा ५७ मा भएको व्यवस्था अनुसार मोविलाइजेशन पेश्की दिँदा ठेक्का रकममा मु.अ.कर र PS बाहेकको रकमवाट हिसाव गरी हुने रकम (२० प्रतिशत) दिनु पर्नेमा कार्यालयले सो समेत हिसाव गरी रू. ३०,००,०००। पेश्की खर्च लेख्नु पर्नेमा रू. ३४,००,०००। बढी पेश्की उपलव्ध गराएको अनियमित रू. | ४००,००० |
| २१.२ | | | सार्वजनिक खरिद एन २०६३ को दफा ५२(क) अनुसार कार्य प्रगतिको आधारमा १०।१० प्रतिशत गरी दुइ किस्ता पेश्की दिनुपर्नेमा सो वेगरको पेश्की रु. | ३,४००,००० |
| २१.३ | | | म्याद थपको लागि २१ दिन अगाबै निवेदन दिनुपर्नेमा ०७८।०३।१५ गते सम्पन्न हुनुपर्ने काममा ०७८।०३।१० मा निवेदन दिएको तथा निवेदन दर्ताको अभिलेख नराखेको र हालसम्म रनिङ विल पेश नभएकोले सम्झैता अनुसार कार्य प्रगति नभएको देखिन्छ । सम्वद्ध पक्षले समयमै सम्झैता कार्यान्वयन गर्नु पर्दछ । | |
| २२ | | | **समयमा कार्य सम्पन्न नभएको:**<br>समयमा कार्य सम्पन्न नभएको : निर्माण कार्यमा सम्झौता बमोजिम समयमा कार्य सम्पन्न गर्नु पर्दछ । मनिष कन्सक्ट्रनले समयमा कार्य सम्पन्न गर्नु पर्नेमा सम्झौता भन्दा २ वर्ष ढिला कार्य सम्पन्न गरेको छ । यसमा जनताले पाउनुपर्ने सेवा समयमा पाएको देखिएन । | |

| भौ.न | निर्माण व्यवसायी | काम | मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न मिति |
|---|---|---|---|---|---|
| १७।०७७।०८।१७ | मनिष कन्स्क्शन | नाला निर्माण कार्य | २०७५।०२।२३ | २०७५।०३।१५ | २०७७।०३।३१ |

२३ | | | **निर्माण व्यवसायी कोष कट्टी :** | | २,९०५

निर्माण व्यवसायी कोष कट्टी : निर्माण व्यवसाय नियमावली,, २०५६ को नयम १४ अनुसार निर्माण व्यवसायीले स्वीकृत ठेक अङ्कको ०.१० (शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम निर्माण व्यवसायी कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा यस पालिकावाट निर्माण कार्यमा सम्लग्न निम्न निर्माण व्यवसायीवाट उक्त रकम कट्टागरी कोषमा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.

| भौनं मिति | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | कोषमा दाखिला गर्नु पर्ने रकम |
|---|---|---|---|
| १४२।०७८।१।१० | वनदेवी निर्माण सेवा | २९०५६२५ | २९०५ |
| | जम्मा | | २९०५ |

२४ | | | **बीमा नगरेकोः**

बीमा नगरेकोः सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटनाबाट बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | विवरण | सम्झौता रकम | भएको वीमा रकम |
|---|---|---|---|---|
| १ | वनदेवी निर्माण सेवा | | २९१४६१० | ० |
| २ | वनदेवी निर्माण सेवा | | ३८८७७३५.९७ | ० |
| ३ | ओम साई निर्माण सेवा | २ कोठे भवन निर्माण वडा २ | ४८६६०१३.९५ | ० |
| 4 | अधुरो वडा भवन निर्माण वडा ९ | स्नेहा कन्स्ट्रक्सन | ३८८९६६३.०३ | ० |
| 5 | भवन निर्माण वडा न १ बन्कटवा | भवन निर्माण वडा न १ बन्कटवा | ४८३७४३०.६७ | ० |
| 6 | बिधालयको भवन निर्माण | राधे कन्स्ट्रक्सन | ६९६६००४.६९ | ० |
| | | | २७३६१४५८ | |

२५ | २६७ | २०७८-३-२५ | **बढी भुक्तानी :** | | २,०००

| | | | | |
|---|---|---|---|---|
| | | | बढी भुक्तानी : नाला निर्माण उस वडा न ९ ले निर्माण कार्य गरे वापत कार्य सम्पन्न भन्दा २००० बढी भुक्तानी गरेकाले बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.. | |
| २६ | 191 | २०७८-२-२४ | **बिल भर्पाई पेश**<br>खुसबु इन्जिनियरिङ सर्भिसलाइ प्राविधिक कार्य गरेको भनि ४५१९८६। भुक्तानी गरेको छ । सम्झैता विना गरेको कामको प्रतिवेदन र प्रमाणित बिल विना भुक्तानी गरेको देखिएकाले प्रमाण पेश गर्ने अन्यथा असुल उपर गरी राजस्वमा दाखिला गर्नुपर्ने रू. | ४५१,९८६ |
| २७ | | | **प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ** | |
| २७.१ | | | पोखरिया नगरपालिकाको वडा नं ९ को बाउन्डरी वाल र ट्वाइलेट निर्माण कार्यका लागि प्रदेश सरकारवाट हस्तान्तरित भएकोमा कुल रू. २१६५६१४.३१ ल अ गरी कार्य सम्पन्नमा जम्मा रू. १७७४८९८। गरेको छ । यसरी -१८.०४ प्रतिशत काम गरेको हुँदा नै कार्य सम्पन्न गरी भुक्तानी गर्दा योजनाले अपेक्षित उपलव्धी हासिल गरेको देखिएन । यसरी कार्य सम्पन्न नभइ योजना फरफारक गर्दा काम अधुरो रहने भएकाले समयमा वजेट व्यवस्था पश्चात मात्र कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २७.२ | | | पोखरिया नगरपालिकाको वडा नं १० बिगा ठाकुरको घरदेखी जया शकर यादवको घर सम्म सडक मर्मतका लागि उपभोक्ता समितिलाइ कार्य गराएको छ । लागत अनुमानमा माटो पुर्ने कार्य र ग्राभेल गर्ने कार्य गर्न माटो ४०५७।२० र ग्राभेल ९०९ क्युविक मिटर अनुमान गरेको छ । माटो पुर्ने कार्यमा चौडाइ ७ मिटर गर्ने भनिएकोमा धेरै गरेको देखाइ माटो पुर्ने कार्य ५६३०।२५ क्युविक मिटर ३८.४३ प्रतिशत वढी परिणाम काम गरेको देखाएको छ । यसरी बढी गरेको १५७३.०५ को भेरिएसन समेत गरेको देखिदैँन । १५७३।०५ को ३४४ का दरले हुने रकम रु ५४११२९।२ अनियमित देखिएको रु | ५४१,१३० |
| २८ | | | **खरिद व्यवस्थापन:** | |
| २८.१ | | | बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढीरकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु१११४२२१६१.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २८.२ | | | खरिदमा प्रतिस्पर्धा –सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु११करोड १४ लाख २२ हजार खर्च गरेकोमा विभिन्न २४ सिलवन्दी दरभाउपत्र मार्फत निर्माण कार्यमा ३ वटा मात्र वोलपत्र परेको देखिन्छ । यसरी गरिएका खरिदमा जम्मा १ प्रतिशत भन्दा कम मात्र घटेको देखिन्छ । बाँकी खरिद उपभोक्ता समिति वा सोझै विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनु पर्दछ । | |
| | | | | |

२८.३

नापी किताबः निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै, अघिल्लो वीलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको वीलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ।अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ वील अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिंदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिई अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख व्यवस्थित गरि राख्नु पर्दछ।

२८.४

एजविल्ट नक्सा पेश नभएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सञ्चालित योजनामा नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

२९

**निर्माण कार्यको गुणस्तरः**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/ कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

३०

**आयकर एव मु.अ.कर** — ११२,४०६

रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको सक्काल विल वेगर फोटोकपि कर वीजकका आधारमा सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर समेत रु.९७७०६९.०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ८०।०७७।१०।१४ | साग्रिला इन्फोमेटिक्स प्रालि | | फोटोकपि | ४९६०७० | ५७०७० |
| १७४।०७८।०३।२५ | अनिष कन्सट्रक्शन प्रालि | ६०९१७७८०४ | विजक केरमेट | ४८०९९९ | ५५३३६ |
| जम्मा | | | | | ११२४०६ |

३१

**मूल्य अभिवृद्धि कर कट्टी** — ५५,३३६

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ५५३३६.०० समेत रु. ४०८९९९.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई

नन्फाईलर रहेको देखिएकाले निजहरूको कर चुक्ता प्रमाण पेश हुनुपर्ने रू.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| १ | आशिष कन्स्ट्रक्शन प्रालि | ६०९१२६७४५ | ४८०९९९ | ५५३३६ | २०७८।M।२ |
| | जम्मा | | ४०८९९९ | ५५३३६ | |

३२ **नन्फाईलर :** ५८१,६२२

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० र ३० प्रतिशत रकम रु. ५८१६२२ कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएकोले उक्त कर समायोजन वा दाखिला प्रमाण पेश हुनुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| 142।०७७।०८।२२ | स्नेहा सप्लायर्स प्रालि | ३०२४२१०१९ | ४९५९९९ | ५७०६१ | २८५३० |
| १०३।११।११ | श्रीमन सप्लायर्स प्रालि | ३०४७५५३७२ | ४८४७७० | ६५७७० | ३२८८५ |
| १४२।०७८।१।११ | वनदेवी निर्माण सेवा | ६०५११९३३२७ | २९०५६२५ | ३३४२७५ | १६७१३८ |
| १६४।०१।२८ | गभरनेन्स अटोमेशन सोलुशन | ६०९५२५३४२ | ४९६०७० | ५६६०१ | २८३०० |
| १७४।०७८।०२।२१ | वनदेवी सप्लायर्स प्रालि | ६०५११९३३२७ | ५००००० | ५७५२२ | २८७६१ |
| १७५।०७८।२।२१ | वनदेवी सप्लायर्स प्रालि | ६०५११९३३२७ | १२६०५०२ | १४५०१३ | ४३५०३ |
| १७०।०७८।०२।२१ | वनदेवी निर्माण सेवा | ६०५११९३३२७ | १८९६५३० | २१८१८४ | ६५४५६ |
| १७७।०७८।०२।२३ | वनदेवी निर्माण सेवा | ६०५११९३३२७ | १४४४३६५ | १६६१६५ | ४९८५० |
| १८१।०७८।०२।२३ | अनिष कन्सट्रक्शन प्रालि | ६०९१७७८०४ | ९६८५६६ | १११४२८ | ३३४२९ |
| १८०।०७८।०२।२३ | सातोमाइ निर्माण सेवा | ६०७९५७४१७ | ९६८०४५ | १११९५१ | ३३५८५ |
| १८२।०७८।०२।२३ | सुनिता कन्सट्रक्शन प्रालि | ६०६०४२९६९ | ९६६६७२ | १११९५१ | ३३५८५ |
| २७४।०७८।०३।२५ | अनिष कन्सट्रक्शन प्रालि | ६०९१७७८०४ | ४८०९९९ | ५५३३६ | १६६०० |
| | जम्मा | | | | ५८१६२२ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **सोझै खरिद** | |
| ३३.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | १,५६३,००० |


https://nams.oag.gov.np

| गोभौ न र मिति | विवरण | खर्च रु |
|---|---|---|
| ७६।०७७।१०।०९ | विजुली बत्ती खरिद | ४८९४०३ |
| ९२।०७७।११।४ | विधुत सामाग्री खरिद | १४८३८७ |
| १०३।११।११ | श्रीयम फर्निचर्स | ४८४७७० |
| १४४।०७८।१।११ | ल्यापटप | १३४४७० |
| १८४।२।२४ | बिनोद मोवाइल सभिस | १२६००० |
| २९३।०७८।३।३० | विजुली वत्ती | १७९९८० |
| | आयुसी ट्रेडर्स एण्ड सप्लायर्स | |
| जम्मा | | १५६३००० |

३३.२

टुक्रा पारी खरिदः सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमीत हुने गरी खरिद गर्न नहुने उल्लेख छ।यस पालिकाले देहाए बमोजिमको सामाग्री खरिद गर्दा ऐनको व्यवस्था विपरित पटक पटक एकै प्रकारका समाग्री टुक्रापारी फरक फरक फर्म सँग एकै मितिमा खरिद कार्य गरेकाले उक्त कार्य नियम सम्मत नभएको रु

६८९,३००

| गौ.भौ.नं/ मिति | फर्मको नाम | रकम | सामान |
|---|---|---|---|
| १०३।११।११ | श्रीयम फर्निचर्स | ४८४७७० | फर्नीचर |
| १०४।११।११ | श्रेष्ठ सप्लायर्स | २०४५३० | फर्नीचर |
| जम्मा | | ६८९३०० | |

३३.३

सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।यस स्थानीय तहले राजस्व सम्बन्धी सफ्टवेयर खरिद गरी रु ४९६०७०.०० प्रयोगमा लयाएतापनि मानक भए नभएको सम्वन्धमा पुष्टि गर्ने प्रमाण पेश नभएकाले उक्त प्रमाण पेश हुनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **सुधारिएको चुलोः**<br>सुधारिएको चुलोः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेकोमा मध्य तराई रिन्युएवल इनर्जी सर्भीस प्रा.लि.सग ३४ थान सुधारिएको चुलो रू १,९७,६१४ मा खरिद गरेकोमा वितरणको भरपाई पेश पेश हुनु पर्ने रू | १९७,६१४ |
| ३५ | | | **सुरक्षित नागरिक आवासः**<br>तोकिएको आवश्यक कागजात पेश गरेको सुरक्षित नागरिक आवासः सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को बुदा नं. ५(७) अनुदान रकम उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराइनेछ र लाभग्राहीले सो रकम जास्तापाता र काठ लगायतको सामग्री खरिद गरी नीर्माण कार्य अघि वढाउनको लागि खर्च गर्ने पर्ने व्यवस्था रहेकोमा कार्यालयले प्रति लाभ ग्राहीलाई रू ३०,००० का दरले निम्न वडामा अनुदान वितरण गरेको देखिन्छ। पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधकवाट अनुसूची ३ बमोजिम प्रविधिक प्रतिवेदन पेश हुनु पर्नमा नभएको तथा कार्यविधीको दफा ६ ले ३ महिना भित्र कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुरुप नभएको रु | ५,९१०,००० |

| वडा नं. | लाभग्राही संख्या | दर | रकम |
|---|---|---|---|
| १ | १० | ३०००० | ३००००० |
| २ | १५ | ३०००० | ४५०००० |
| ३ | ६८ | ३०००० | २४०००० |
| ४ | ८ | ३०००० | २४०००० |
| ५ | १० | ३०००० | ३००००० |
| ६ | २८ | ३०००० | ७५०००० |
| ७ | ११ | ३०००० | ४८०००० |
| ८ | १२ | ३०००० | ३६०००० |
| ९ | १९ | ३०००० | ५७०००० |
| १० | १० | ३०००० | ३००००० |
| जम्मा | | | ५९१०००० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४३७ जनालाई रोजगारी उपलब्ध गराई रु.११२९६४५०.०० खर्च गरेको छ । लक्षित वर्गलाई ५० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३७ | | | **उपभोक्ता समिति** | |
| ३७.१ | | | उपभोक्ता समिति दर्ता सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ५९ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ४३२७८८४६ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३७.२ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३४।०७७।०८।२१ | नाला निर्माण बह्मवावा उ स -१० | नाला र सडक ढलान | १३७५९८४ |
| २७।०७७।०८।१४ | मेनरोड ढलान उ स | बाटो निर्माण र ढलान | ३८४५७०३ |
| ३१।०७७।७।१६ | नाला निर्माण तथा सडक ढलान उ स वडा न ७ | श्री जिया दक्षिण टोल नाला तथा सडक उ स | १८९३५८१ |
| १४।०७७।७।२६ | सडक ढलान उ स ४ | सडक ढलान उ स | ९६८४७० |
| १५१।०७८।०१।२१ | सडक ढलान तथा नाला निर्माण उ स | सडक ढलान | १५४५५७७ |
| २०८।०३।१६ | अधुरो नाला उ स ७ | नाला निर्माण | १०४१४८५ |
| | जम्मा | | |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३७.३ | | | **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २७।०७७।०८।१४ | मेनरोड ढलान उ स | बाटो निर्माण र ढलान | ३८४५७०३ |
| ३१।०७७।७।१६ | नाला निर्माण तथा सडक ढलान उ स वडा न ७ | श्री जिया दक्षिण टोल नाला तथा सडक उ स | १८९३५८१ |
| १४।०७७।७।२६ | सडक ढलान उ स ४ | सडक ढलान उ स | ९६८४७० |
| १५१।०७८।०१।२१ | सडक ढलान तथा नाला निर्माण उ स | सडक ढलान | १५४५५७७ |
| ३४।०७७।०८।२१ | नाला निर्माण बह्मवावा उ स -१० | नाला र सडक ढलान | १३७५९८४ |
| | जम्मा | | ९६२९३१५ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३७.४ | | | **उपभोक्ता समिति मार्फत निर्माण कार्यः**- योजना तर्जुमा कार्यान्वियन तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा १५ मा योजना कार्यान्वियन सम्बन्धी व्यवस्था गरेको छ । जसमा उपभोक्ता समिति मार्फत काम गराउदा उपभोक्ता समितिको खाता संचालनको तीन पुस्ते विवरणखुलाउनु पर्ने, गरेको कामको प्रत्येक किस्ताको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस्नुपर्ने,स्थानीय प्रतिनिधिहरुको रहोवरमा सार्वजननिक परिक्षण गराउनु पर्ने, खर्चका प्रयोजन तथा कार्य सम्पन्न प्रतिवेदन अध्यक्ष, सचिव र कोषाध्यक्षबाट प्रमाणीत गराई भुक्तानीको लागि निवेदन गर्नु पर्ने व्यवस्था रहेतापनि परिक्षणको क्रममा निम्न भुक्तानीमा उक्त व्यवस्था कार्यान्वियन भएको नदेखिएकोले यस्तो कार्य नियमित नदेखिएको रू. | २,२२१,६४३ |

| भौचर नं. र मिति | उपभोक्ता मितिको नाम र काम | खर्च सार्वजनिक भरिएको | अनुगमन प्रतिवेदन | सार्वजनिक परीक्षण | तीन पुस्ते विवरण | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| २२९/07८/0३/21 | बाटो ढलान उ स वडा न ५ | छैन | छ | छैन | छैन | ६७६०६६- |
| १५१।०७८।०१।२१ | सडक ढलान तथा नाला निर्माण उ स | छ | छैन | छैन | छैन | १५४५५७७ |
| जम्मा | | | | | | २२२१६४३ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **माछा पोखरी अनुदानः**<br>मत्स्य पालन लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि,२०७६ बुदा १४ अनुदान लाभग्राहीले फा.नं. ८ बमोजिम बार्षिक रूपमा सम्बन्धीत कार्यालयमा कम्तीमा ७ वर्षसम्म अनिवार्य रुपले तोकिएको ढाँचामा प्रगति प्रतिवेदन पठाउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले माछा पोखरी निर्माण गर्न निम्न फर्मलाई अनुदान दिएकोमा अनुदान लाभग्रहीले फ.नं.८ बमोजिम प्रगति प्रतिवेदन दिएको पाइएन।अनुदानग्राहीले अनुदान रकमलाई कार्विधिको उद्देश्य अनुकुल मात्र प्रयोग हुनु पर्ने सुनिश्चत भएको प्रमाण पेश हुनु पर्दछ । | ८४२,१७४ |

| सि.नं. | फर्म | रकम |
|---|---|---|
| १ | पोखरी एकीकृत कृषि फर्म | २४३२९५ |
| २ | चौहान एकीकृत कृषि फर्म | २४३२९५ |
| ३ | जय सियाराम कृषि फर्म | २१५२२२ |
| ४ | सोना मतस्य फर्म | १४०३६२ |
| जम्मा | | ८४२१७४ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **नगरपालिका चालु तर्फ** | |
| ३९.१ | | | कर कट्टीः आयकर ऐन,२०५८ को दफा ८८(१) मा सामाजिक सुरक्षामा १ प्रतिशत कर कट्टी हुनु पर्ने व्यवस्था रहेकोमा पदाधिकारीले सुविधा वापत लिएको रकममा | ७८०,७९५ |

सामाजिक सुरक्षा कर कट्टा नगरेको देखिएकोले उक्त रकम निम्न पदाधिकारीबाट असुल हुनु पर्ने रू

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| सि.नं. | पदाधिकारीको नाम | पद | जम्मा आम्दानी | कर कट्टा भएको रकम | कर कट्टा गर्न बाकी रकम | १% हुने कर |
|---|---|---|---|---|---|---|
| १ | श्री दिप नरायण प्रसाद रौनियार | मेयर | ३५५५०० | १२०००० | २३५५०० | २३५५ |
| २ | श्री सलमा खातुन | उप मेयर | ४२९००० | १०८०० | ३२१००० | ३२१० |
| ३ | श्री बंका राउत कुर्मी | वडा अध्यध १ | ३१५००० | ८४००० | २३१००० | २३१० |
| ४ | श्री सुरेन्द्र प्रसाद यादव | वडा अध्यध २ | ३१५००० | ८४००० | २३१००० | २३१० |
| ५ | श्री अजय कुमार | वडा अध्यध ३ | १४२५०० | ३१५०० | १११००० | १११० |
| ६ | श्री लक्ष्मन साह कानु | वडा अध्यध ४ | ३१५००० | ८४००० | २३१००० | २३१० |
| ७ | श्री उमाकान्त साह कानु | वडा अध्यध ५ | १७७००० | ४२००० | १३५००० | १३५० |
| ८ | श्री सिमान्नद प्रसाद चौहान | वडा अध्यध ६ | १०८००० | २१००० | ८७००० | ८७० |
| ९ | श्री नन्द लाल प्रसाद | वडा अध्यध ७ | ३१५००० | ८४००० | २३१००० | २३१० |
| १० | श्री किशोरी साह | वडा अध्यध ८ | ३१५००० | ८४००० | २३१००० | २३१० |
| ११ | श्री रामवाबु प्रसाद चौहान | वडा अध्यध ९ | ३१५००० | ८४००० | २३१००० | २३१० |
| १२ | श्री सोनालाल प्रसाद गोढ | वडा अध्यध १० | ० | ० | ० | 0 |
| १३ | श्री प्रभा देवी कनुइन | का.पा. सदस्य | २८८००० | ८४००० | २०४००० | २०४० |
| १४ | श्री रामबालक राम | का.पा. सदस्य | २८८००० | ८४००० | २०४००० | २०४० |
| १५ | श्री जिवन ज्योति पासवान | का.पा. सदस्य | १३०५०० | ३१५०० | ९९००० | ९९० |
| १६ | श्री शान्ती देवी हजाम | का.पा. सदस्य | २८८००० | ८४००० | २०४००० | २०४० |
| १७ | श्री मैनागा देवी | का.पा. सदस्य | २८८००० | ८४००० | २०४००० | २०४० |
| १८ | श्री देउली देवी | का.पा. सदस्य | २८८००० | ८४००० | २०४००० | २०४० |
| १९ | श्री नरेन्द्र प्रसाद कानु | का.पा. सदस्य | २८८००० | ८४००० | २०४००० | २०४० |
| | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २० | श्री राम प्रसाद महतो | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २१ | श्री उर्मिला देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २२ | श्री रत्न गरि | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २३ | श्री श्यम ठाकुर | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २४ | श्री अयोध्या राउत कुर्मी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २५ | श्री चन्दीका राम | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २६ | श्री गिरजा देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २७ | श्री शान्ती देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २८ | श्री राजकिशोर यादब | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | २९ | श्री मदन मुखिया विन | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३० | श्री शम्भु प्रसाद | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३१ | श्री जगरनाथ महतो | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३२ | श्री गिरजा देवी कलवार | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३३ | श्री गंगाजली दुसार्धन | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३४ | श्री रामेधार महतो | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३५ | श्री गोबरधन साह | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३६ | श्री पतासी खातुन | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३७ | श्री देवन्ती राम | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३८ | श्री मदन ठाकुर | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ३९ | श्री रामायण महतो | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |
| | | | | ४० | श्री लालपरी देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१ | श्री रयोसदिन मिया | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४२ | श्री रामअयोध्या राउत कुर्मी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४३ | श्री सुग्धी देवि | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४४ | श्री सिगासन मुखिया विन | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४५ | श्री वेराहिम मिया | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४६ | श्री गिता देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४७ | श्री महिन्द्र साह कानु | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४८ | श्री इन्द्र ज्योती देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ४९ | श्री रब्या खातुन | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ५० | श्री मैया देवी पासवान | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ५१ | श्री उमेश पासवान | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ५२ | श्री नुरूल एमाम | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| ५३ | श्री सिता देवी | वडा सदस्य | १८४५०० | ८४००० | १००५०० | १००५ |
| जम्मा | | | | ४२१८००० | | ७०१५५ |

| | | | | |
|---|---|---|---|---|
| ३९.२ | | | कर कट्टीः आयकर ऐन,२०५८ को दफा ८८(१) मा वैठक तथा अनुगमन भत्तामा १५ प्रतिशत र सामाजिक सुरक्षामा १ प्रतिशत कर कट्टी हुनु पर्ने व्यवस्था रहेकोमा पदाधिकारीहरूले बैठक तथा अनुगमन र अन्य सुविधा वापत रकम लिदा क्रमश १५ प्रतिशले र १ प्रतिशत कट्टा गर्नु पर्नेमा नगराएकाले निम्न पदाधिकारीले घटी कर कट्टा गरेको देखियो। घटी कर कट्टा भएको रकम असुल हुनु पर्ने रू | ७१०,६४० |

| सि.नं. | पदाधिकारीको नाम | पद | जम्मा सुविधा | जम्मा कट्टी गर्नु पर्ने कर | दाखिला गरेको कर | असुल हुनु पर्ने |
|---|---|---|---|---|---|---|
| १ | दिप नरायण प्रसाद रौनियार | मेयर | ३७०५०० | 22605 | ३७०५ | १८९०० |
| २ | सलमा खातुन | उप मेयर | ४४२५०० | 21435 | ४४२५ | १७०१० |
| ३ | बंका राउत कुर्मी | वडा अध्यध १ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ४ | सुरेन्द्र प्रसाद यादव | वडा अध्यध २ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ५ | श्री अजय कुमार | वडा अध्यध ३ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ६ | श्री लक्षुमन साह कानु | वडा अध्यध ४ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ७ | श्री उमाकान्त साह कानु | वडा अध्यध ५ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ८ | श्री सिमान्नद प्रसाद चौहान | वडा अध्यध ६ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ९ | श्री नन्द लाल प्रसाद | वडा अध्यध ७ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| १० | श्री किशोरी साह | वडा अध्यध ८ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| ११ | श्री रामवाबु प्रसाद चौहान | वडा अध्यध ९ | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| १२ | श्री सोनालाल प्रसाद गोढ | वडा अध्यध १० | ३२५५०० | 16485 | ३२५५ | १३२३० |
| १३ | श्री प्रभा देवी कनुइन | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| १४ | श्री रामबालक राम | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| १५ | श्री जिवन ज्योति पासवान | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| १६ | श्री शान्ती देवी हजाम | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| १७ | श्री मैनागा देवी | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| १८ | श्री देउली देवी | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| १९ | श्री नरेन्द्र प्रसाद कानु | का.पा. सदस्य | २९८५०० | 16215 | २९८५ | १३२३० |
| | | | | 15180 | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २० | श्री राम प्रसाद महतो | वडा सदस्य | १९५००० | | १९५० | १३२३० | | |
| | | | | २१ | श्री उर्मिला देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २२ | श्री रत्न गरि | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २३ | श्री श्यम ठाकुर | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २४ | श्री अयोध्या राउत कुर्मी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २५ | श्री चन्दीका राम | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २६ | श्री गिरजा देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २७ | श्री शान्ती देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २८ | श्री राजकिशोर यादब | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | २९ | श्री मदन मुखिया विन | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३० | श्री शम्भु प्रसाद | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३१ | श्री जगरनाथ महतो | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३२ | श्री गिरजा देवी कलवार | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३३ | श्री गंगाजली दुसार्धन | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३४ | श्री रामेधार महतो | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३५ | श्री गोबरधन साह | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३६ | श्री पतासी खातुन | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३७ | श्री देवन्ती राम | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३८ | श्री मदन ठाकुर | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ३९ | श्री रामायण महतो | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |
| | | | | ४० | श्री लालपरी देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० | | |


https://nams.oag.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१ | श्री रयोसदिन मिया | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४२ | श्री रामअयोध्या राउत कुर्मी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४३ | श्री सुग्धी देवि | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४४ | श्री सिगासन मुखिया विन | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४५ | श्री वेराहिम मिया | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४६ | श्री गिता देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४७ | श्री महिन्द्र साह कानु | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४८ | श्री इन्द्र ज्योती देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ४९ | श्री रब्या खातुन | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ५० | श्री मैया देवी पासवान | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ५१ | श्री उमेश पासवान | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ५२ | श्री नुरूल एमाम | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| ५३ | श्री सिता देवी | वडा सदस्य | १९५००० | 15180 | १९५० | १३२३० |
| जम्मा | | | | | | ७१०६४० |

३९.३ कर कट्टीः आयकर ऐन,२०५८ को दफा ८८(१) मा वैठक तथा अनुगमन भत्तामा १५ प्रतिशत र सामाजिक सुरक्षामा १ प्रतिशत कर कट्टी हुनु पर्ने व्यवस्था रहेकोमा गो.भौ. नं. ३२६ २०७७।१२।१८ मा पदाधिकारीको वैठक भत्ता र अनुगमन भत्ता ४२,१८,००० भुक्तानी भएकोमा सोमा १५ प्रतिशतले हने कर ६,३२,७०० कट्टा गरी दाखिला गर्नु पर्नेमा ६,२७,३०० मात्र कट्टा गरेको देखिएकोले असुल गरी राजस्व दाखिला हुनु पर्ने रु ५,४००

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ३९.३.१ | पदाधिकारी बैठक भत्ता तथा अनुगमन भत्ता | ५,४०० |

३९.४ वढी भुक्तानीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक ४१,७००

<table>
<tr><td></td><td></td><td></td><td>बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेकोमा वडा नं. १० का वडा अध्यक्ष सोनालाल साहले सुविधा वापतको रकम २०७७ श्रावण देखि फागुन सम्म २,९१,००० चैत्र देखि जेष्ठ सम्म ७२,००० असारमा ६०,००० समेत गरी जम्मा ४,२३,००० मात्र भुक्तानी हुनु पर्नेमा विभिन्न भौचरबाट ४,६४,७०० भुक्तानी भएको देखिन्छ। सुविधा भन्दा वढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कर</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>कर कट्टीः आयकर ऐन,२०५८ को दफा ८८(१) मा वैठक तथा अनुगमन भत्तामा १५ प्रतिशत र सामाजिक सुरक्षामा १ प्रतिशत कर कट्टी हुनु पर्ने व्यवस्था रहेकोमा वडा नं. १० का वडा अध्यक्ष सोनालाल साहले सुविधा वापत लिएको अनुगमन तथा वैठक भत्ता र अन्य सुविधामा क्रमश १५% र १% कर कट्टा गरेको नदेखिएकोले असुल हुनु पर्ने रू
<table>
<tr><td>महिना</td><td>सुविधा</td><td>अनुगमन तथा बैठक भत्ता</td><td>कर कट्टा १%</td><td>कर कट्टा १५ %</td><td>असुल हुन पर्ने</td></tr>
<tr><td>श्रावण देखि फागुन</td><td>२०७००</td><td>८४०००</td><td>२०७०</td><td>१२६००</td><td>१४६७०</td></tr>
<tr><td>चैत्र देखि जेष्ठ</td><td>०</td><td>२७०००</td><td>०</td><td>४०५०</td><td>४०५०</td></tr>
<tr><td>असार</td><td>२४०००</td><td>९०००</td><td>२४०</td><td>१३५०</td><td>१५९०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२०३१०</td></tr>
</table></td><td>२०,३१०</td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>अग्रीम आयकरः आयकर ऐन, २०५८ को दफा ८८(१)(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको रकम १.५ प्रतिशत रकम कट्टा गर्नु पर्ने व्यवस्था रहेकोमा कोरोना रोगको महामारी माक्स खरीद वापत अञ्जनी होजियारीलाई रू ११२५८४९।५७ भुक्तानी भएकोमा उक्त रकममा अग्रीम कर कट्टा नभएकोले १.५ प्रतिशतले हुने रकम असुल गरि दाखिला हुनुपर्ने रु</td><td>१६,८८८</td></tr>
